लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा नगर प्रहरी पदपुर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।१२।१८)

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका नगर प्रहरी पदहरुमा देहायको संख्यामा आवश्यक परेको हुँदा तोकिएका नगर प्रहरी पदहरुमा सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन अनुरोध छ।

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | समावेशी समुह तर्फ | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | थारु | दलित | |
| १ | २३/०८०/०८१ | नगर प्रहरी सहायक निरीक्षक | १ | | | | | १ |
| २ | २४/०८०/०८१ | नगर प्रहरी हवल्दार | २ | १ | | | | ३ |
| ३ | २५/०८०/०८१ | नगर प्रहरी जवान | ६ | २ | १ | १ | १ | ११ |

**१ दरखास्त पाइने र बुझाउने स्थान** – लम्कीचुहा नगरपालिका, भल्का कैलाली । दरखास्त फाराम लम्कीचुहा नगरपालिकाको वेवसाइंट lamkichuha.mun.gov.np बाट समेत Download गर्न सकिन्छ।

**२ दरखास्त दस्तुर:** नगर प्रहरी सहायक निरीक्षकको पदका लागि रु. ५००। नगर प्रहरी हवल्दार पदका लागि रु. ४००।–, साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहकालागि थप रु १५०। नगर प्रहरी जवान पदका लागि रु. ३००।– साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि थप रु १००।

**३ दरखास्त फाराम दर्ता मिति** – मिति २०८०।१२।१८ गतेदेखि मिति २०८१/१/२ गतेसम्म विहान १०:०० देखि कार्यालय समय सम्म (सार्वजनिक बिदाको दिन बाहेक)

**४ उमेर हद :** १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको तर भूतपूर्व नेपाल प्रहरी सशस्त्र प्रहरी र नेपाली सेनाको हकमा ४५ वर्ष ननाघेको

**५ आवश्यक न्यनूतम योग्यता :-**

क. नगर प्रहरी सहायक निरीक्षक पदका लागि :- नेपाल प्रहरी , सशस्त्र प्रहरी वा नेपाली सेनामा मध्ये कुनै एकमा काम गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।

ख. नगर प्रहरी हवल्दार पदका लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा SLC वा सो सरह उतीर्ण।

१२/१८

प्रशासकिय अधिकृत

ग. नगर प्रहरी जवानका लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा उतीर्ण ।

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको ।

ङ. अदालतबाट मानव अधिकार हननमा कसूरदार नठहरिएको ।

च. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

छ. उचाई छाति र तौल

पुरुष : उचाई घटिमा ५ फिट २ ईन्च छाति ३१-३३ ईन्च र तौल ५० के जि

महिला : उचाई घटिमा ५ फिट र तौल ४२ के जि

ज. आखाँ माइनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

झ. नेपाल सरकारको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको

**६ छनोट विधि :-**

क . शारीरिक तन्दुरुस्ती

ख . लिखित परीक्षा

ग. अन्तर्वार्ता

**७ परीक्षा हुने मिति समय र स्थान** : पदपूर्ति समितिले सूचना प्रकाशन गरी तोके बमोजिम ।

**८ आवेदन साथ संलग्न कागजातहरु**:- आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

क. नागरिकताको प्रमाण पत्र

ख. शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र ।

ग. चारित्रिक प्रमाण पत्र

घ. अनुभव भए सो खुल्ने आवश्यक कागजात

ङ. ३ प्रति पासपोर्ट साईजको फोटो

च. भूंतपूर्व नेपाल प्रहरी , सशस्त्र प्रहरी , नेपाली सेनामा काम गरेको हकमा काम गरेको खुल्ने कागजात

छ. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र ।

**९ समावेशी समुहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन :-** समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाईएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

**क. आदिवासी जनजातिको हकमा** :- नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा तर नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीयत तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

१२।१८

नि. प्रमुख प्रशासकिय अधिकृत

**ख. थारुको हकमा** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट थारु भनि प्रमाणित गरेको कागजात तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट थारु भनी प्रमाणित गराएको कागजात।

**ग. दलितको हकमा :** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरुमा भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

**१०. रितपूर्वक पेश नभएका दरखास्त पदपूर्ति समितिले जुनसुकै बखत रद्द गर्न सक्नेछ।**

**११. सम्पर्क मिति तथा स्थान :** मिति २०८१।०१।१४ गते , लम्कीचुहा नगरपालिकाको कार्यालय भल्का कैलाली तथा प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षा तालिका लम्कीचुहा नगरपालिकाको वेभसाइट lamkichuha.mun.gov.np मा समते सो सम्बन्धी सूचना राखिनेछ।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१।०१।१८

गौरीकान्त न्यौपाने

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत